# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत,

कर्णाली प्रदेश, नेपाल

✆ ९८५८०६५१११

प.सं. : २०८१/०८२

च.नं. १८६८

मिति : २०८१।०९।२९

**विषय : विद्यालय अनुमति,तह तथा कक्षा थप सम्वन्धी सूचना ।**

शैक्षिक सत्र २०८१ मा गुर्भाकोट नगरपालिका भित्र विद्यालय सञ्चालन अनुमति लिन र सञ्चालनमा रहेका विद्यालयहरुले कक्षा थप गर्न इच्छुक विद्यालयहरुले तपसिल बमोजिमका कागजात सहित मिति २०८१ माघ मसान्त भित्र गुर्भाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखामा गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ को अनुसूची १ को ढाँचामा निवेदन पेश गर्न सम्वन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१.शैक्षिक गुठीको विधान वा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि । (संस्थागत विद्यालयको हकमा)

२.जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्ष सम्मको लागि घर वा जग्गा धनीले वहालमा दिने सम्वन्धमा भएको कवुलियतनामा पत्रको प्रमाणित प्रतिलिपि ।

३.प्रस्तावित विद्यालयको शैक्षिक नक्सा ।

४.सम्वन्धित वडा शिक्षा समिति वा वडाको सक्कलै सहमति पत्र ।

५.तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रमाणित प्रतिलिपि । (कक्षा अपग्रेडका लागि मात्र)

६.विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विद्यालयको सक्कलै पत्र ।

७.विद्यालयले विद्यार्थी सँग लिने शुल्क विवरण । (संस्थागत विद्यालयको हकमा)

८.सम्वन्धित निकायले शुल्क प्रस्ताव समर्थन गरेको पत्रको प्रमाणित प्रतिलिपि । (संस्थागत विद्यालयको हकमा)

९.विद्यालयले पठनपाठन गराउने पाठ्यक्रम विकास द्वारा सूचीकृत पाठ्यक्रमको विवरण ।

१०.छात्रवृत्ति प्रदान गरेको वि.व्य.सको निर्णय सहित छात्रवृत्ति पाउने विद्यार्थीको सूची । (कक्षा अपग्रेडका लागि मात्र)

११.शिक्षक नियुक्ति पत्र र निजहरुको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

१२.विद्यालयमा कार्यरत शिक्षक,कर्मचारीको सेवा शर्त सम्वन्धी नियमावलीको छाँया प्रति ।

१३.सस्थापकको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा BIODATA

१४.आयकर दर्ता ( स्थायी लेखा नं.) र कर तिरेको प्रमाणको प्रमाणित प्रतिलिपि । (तह कक्षा अपग्रेडका लागि मात्र)

१५.आ.व २०८०।०८१ को लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि । (कक्षा अपग्रेडका लागि मात्र)

१६.शिक्षा नियमावली २०५९ (संशोधन समेत) को अनुसूची ३ तथा गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ को अनुसूची २ मा उल्लेखित पूर्वाधार पुरा भएको पुष्टि हुने कागजातहरु ।

१७.विद्यालयको अनुमति, तह वा कक्षा थप के माग गर्ने हो सो सम्वन्धमा गरिएको वि.व्य.सको निर्णयको प्रमाणित प्रतिलिपि ।

१८.सम्वन्धित निरीक्षण क्षेत्रका विद्यालय निरीक्षकको निरीक्षण प्रतिवेदन ।

१९.अभिभावक भेलाको निर्णय प्रतिलिपि । (नयाँ विद्यालय सञ्चालनको हकमा )

२०.नजिकका कम्तिमा २ वटा विद्यालयको सहमति पत्र । (नयाँ विद्यालयको हकमा )

नोट : गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ नगरपालिकाको वेवसाईट www.gurbhakotmun.gov.np मा हेर्न सकिने छ ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाइटमा राखिदिनहुन ।

२०८१/०९/२९

पदम बहादुर बि.क.

शिक्षा अधिकृत

"सुख र समृद्धिको अठोट, समुन्नत गुर्भाकोट"

Website: www.gurbhakotmun.gov.np, Email: sktgurbhakotmun@gmail.com

CamScanner